शोधन र राजनीतिक प्रतिवेदनमा संरचनामा 'साधारण सदस्य' वा 'प्रारम्भिक सुझाव दिइएको पाण्डेल बनाउनुभया ।

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश नेपाल

करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति: २०८२।०५।१३)

यस कार्यालय तथा अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाकोलागि आवश्यक देहायको योग्यता भएको जनशक्ति खुल्ला प्रतिस्पर्धाको माध्यमबाट करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीकालागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

१. करार सेवामा आवश्यक जनशक्ति विवरण र योग्यता :

विज्ञापन नं.	पद तह	संख्या	दरखास्त दस्तुर	न्यूनतम शैक्षिक योग्यता
१-०८२।०८३	जनस्वास्थ्य अधिकृत, सातौं (घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम)	१	रु. १०००।-	मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा जनस्वास्थ्य विषयमा स्नातक उत्तीर्ण।
२-०८२।०८३	ल्याब टेक्निसियन, पाँचौं (ज्यामरुङ स्वास्थ्य चौकी)	१	रु. ६००।-	मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याबमा प्रमाणपत्र तह उत्तीर्ण
३-०८२।०८३	अ.न.मी., चौथों (शहरी स्वास्थ्य क्लिनिक भोर्ले)	१	रु. ४००।-	मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स उत्तीर्ण।

२. दरखास्त फाराम पाईने तथा बुझाउने स्थान : नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धादिङ

३. दरखास्त दिने अन्तिम मिति : २०८२।०५।२७ गते कार्यालय समयभित्र

४. उमेर हद : १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, महिलाको हकमा ४० बर्ष ननाघेको ।

५. छनौटको किसिम/आधार : नीलकण्ठ नगरपालिकाको करारमा प्राविधिक जनशक्ति व्यवस्था गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम लिखित परीक्षा र अन्तर्वार्ता हुने । प्रदेश लोकसेवा आयोगले सम्बन्धित पदको लागि निर्धारण गरेको पाठ्यक्रमको विषयवस्तुमा रही ५० पूर्णाङ्कको लिखित परीक्षा ।

६. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु : नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी, तालिमको प्रमाणपत्र, ३ प्रति पासपोर्ट साईजको फोटो, अनुभव सम्बन्धी कागजात ।

७. लिखित तथा अन्तर्वार्ता मिति : पछी सूचना गरिने ।

८.काम गर्नुपर्ने स्थान र कार्यविवरण : यस कार्यालय तथा मातहतको कार्यालय । जनस्वास्थ्य अधिकृतको हकमा सङ्घीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८२।०८३ को म स्वस्थ, मेरो समुदाय स्वस्थ : घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रममा उल्लेख भएबमोजिम । सम्बन्धित पदको लागि तोकिए बमोजिमको कार्यविवरण ।

९.शर्त तथा मापदण्ड तथा पारिश्रमिक : करार सेवाको लागि प्रचलित कानूनद्धारा अयोग्य नठहरेको हुनुपर्ने । करार अवधी २०८३ असार मसान्तसम्म । पारिश्रमिक कार्यालयको नियमानुसार ।

अन्य थप जानकारीको लागि नीलकण्ठ नगरपालिकाको वेभपेज www.neelakanthamun.gov.np वा कार्यालयको फोन नं. ०१०-५२०५५९ मा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner